नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ४ २०७९ साल साउन ५ गते बिहीबार (21 July 2022 Thursday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नयाँ प्रविधिको प्रयोगबाट. ३ पृष्ठमा : खडेरीको चिन्ताले किसानलाई ... ३ पृष्ठमाश्रीलङ्काको राष्ट्रपतिमा रनिल...

## कार्यालयको पर्खालमा कोरिदै मिथिला चित्रकला



**दैनिक समाचारदाता राजविराज, ४ साउन ।**

अहिले सप्तरीस्थित विभिन्न सरकारी तथा सार्वजनिक स्थलका पर्खालहरुमा मिथिला चित्रकला कोरिदै छ । यसैक्रममा राजविराजस्थित भुमिसुधार तथा मालपोत कार्यालयको पर्खालमा भगवान राम र सीताका चित्र बनाएर आकर्षकरुपमा सजाउन थालिएको छ ।

९० मिटर लामो पर्खालका भित्तामा बनाइएका देवी देवताका कलात्मक र सन्देशमुलक मिथिला चित्रकला अहिले सबैको आकर्षणको केन्द्र बनेको छ ।

सीताको जन्म, विवाह र विदाईका दृश्यका साथै भगवान शिव र राधाकृष्ण लगायतका देवी देवताका आर्कषक मिथिला चित्र बनाइदै छ । सो कोरिएको कला हेर्न अहिले भीड लाग्ने गरेको छ ।

मिथिला थिंग्स जनकपुरकी पुनम कर्ण, रश्मी कर्ण, पुनम दत्त, सुखी कर्ण, अंजली साह लगायतको टोलीले विगत १५ दिन देखी रंग र कुची समाएर चित्रलाई अन्तिम रुप दिने तयारीमा छिन् ।

मधेश प्रदेशमा अहिले विभिन्न कार्यालय, विद्यालय र स्थानीय तहमा मिथिला संस्कृति झल्किने मिथिला चित्रकलाको माँग बढ्दै गएकाले आफूलाई उत्साहित बनाएको मिथिला चित्रकलाकर्मी अंजली बताउछिन् ।

धार्मिक परम्परा र संस्कृतिलाई जोगाउनुका साथै सरसफाईलाई दृष्टिगत गरी कार्यालय परिसर क्षेत्रलाई मिथिला कलामार्फत देवी देवताको चित्रले सजाइएको कार्यालय प्रमुख दिपेन्द्र कुमार झाले जानकारी दिँदै उनले यस कार्यका लागि शम्भुनाथ नगरपालिकाले सहयोग जुटाई दिएको बताए ।

उनले कार्यालयको बाहिरी सजावटसँगै आन्तरिक सुधार र सेवा सुविधा चूस्तदूरुस्त बनाउन पनि आवश्यक काम थालिएको बताए । प्रत्येक फाँटमा सिसी क्यामरा जडान गरी निगरानी थालिएको तथा विचौलिया प्रवेशमा कडाई गरिएको उनको दाबी छ ।

उनले सेवाग्राहीको चाप हेरेर राजविराज नगरपालिका र खडक नगरपालिकाको सहयोग जुटाई विश्राम कक्ष र उनीहरुलाई वस्नका लागी आवश्यक आवश्यक टेवुल कुर्सीको व्यवस्था पनि मिलाइएको जानकारी दिए ।

## सवारीसाधनमा प्रेस लेखेर चलाउने क्रम बढेपछि नियन्त्रणका लागि प्रशासनसँग आग्रह



**दैनिक समाचारदाता राजविराज, ४ साउन ।**

नेपाल पत्रकार महासंघ सप्तरीले अनाधिकृत रुपमा सबारीसाधनमा प्रेस लेखेर चलाउने क्रम बढेपछि यसलाई नियन्त्रण गर्ने प्रयास थालेको छ ।

महासंघले यसलाई नियन्त्रणका लागि सहयोग गरिदिन जिल्ला प्रशासन कार्यालय सप्तरीसँग आग्रह समेत गरेको छ ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलाई बुधबार एक पत्र बुझाउँदै महासंघका पदाधिकारीले प्रेस लेखिएको सवारीसाधनको जुनसुकै व्यक्ति प्रयोग गरिरहेपनि अनिवार्य नियम बमोजिम चेकजाँच गरी सहयोग गरिदिन हुन अनुरोध गरेका छन् ।

महासंघका अध्यक्ष श्रवणकुमार देव, सचिव रामनारायण विश्वासले संयुक्त रुपमा बुझाएका पत्रमा लेखिएको छ 'सप्तरीमा नामै नसुनेका मिडियाहरुको परिचय पत्र बोकेर पत्रकार आचारसंहिता विपरित काम गरिरहेका छन् त्यस्ता ब्यक्तिले एकातर्फ निष्पक्ष पत्रकारिताको बदनामी गरिरहेका छन् भने सवारीसाधनमा पनि 'प्रेस' शब्द लेखेर पत्रकारिताको दुरुपयोग गरिरहेका छन् ।'

सोही पत्रमा अनुगमनको क्रममा आवश्यक परेको अवस्थामा महासंघका अध्यक्ष र सचिवसँग सम्पर्क र समन्वय गरिदिन भनिएको छ ।

पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गौतमले यस कार्यका लागि सहयोग गर्ने बताउँदै अब प्रहरीले प्रेस लेखिएको सबारीसाधनप्रति ध्यान दिने उल्लेख गरे ।

पत्र बुझाउने क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रबक्ता एवं डीएसपी माधवप्रसाद काफ्लेको पनि उपस्थिति रहेको थियो । उनले यो कार्यका लागि प्रहरी तयार रहेको बताए ।

महासंघले मोटरसाइकल या अन्य सबारीसाधनमा प्रेस लेखेर नचलाउन पनि पत्रकार बाहेक अन्य व्यक्तिसँग आग्रह समेत गरेको छ ।

## थप तीन सय ९१ जना संक्रमित

**दैनिक समाचारदाता राजविराज, ४ साउन ।**

पछिल्लो समय नेपालमा कोराना संक्रमितको संख्यामा दिनहुँ बृद्धि भइरहेको छ । बुधबार ३ सय ९१ जना कोरोना भाइरसबाट संक्रमित भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार तीन हजार ९ सय ८१ जनामा गरिएको परीक्षणमा बुधबार देशभर सो संख्यामा संक्रमण पुष्टि भएको हो ।

नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा समिरकुमार अधिकारीले ललितपुरमा २२, भक्तपुर नौ र काठमाडौंमा १ सय ८५ जनामा संक्रमित पुष्टि भएको जानकारी दिएका छन् ।

हाल सक्रिय संक्रमितको संख्या दुई हजार २ सय ७६ रहेका छन् । काठमाडौं उपत्यकामा सक्रिय संक्रमितको संख्या एक हजार २७० पुगेको छ । विगत २४ घण्टामा ४६ जना संक्रमणमुक्त भएका छन् ।

काठमाडौं जिल्लामा ५०० बढी संक्रमित रहेको पाइएको मन्त्रालयले जनाएको छ । हाल होम आइसोलेशनमा दुई हजार १ सय ४३, संस्थागत आइसोलेशनमा १ सय ३३ र सघन उपचार कक्ष (आइसियु) मा २१ जना उपचार भइरहेको छ । यस्तै विगत २४ घण्टामा एक लाख २१ हजार ५१५ ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योति कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### बालबालिकाप्रति गैर जिम्मेवार बन्दै अभिभावक

अभिभावकहरु अतिव्यस्त भइरहदा उनीहरुको बच्चाहरु एक्लो महसुस गरिरहेका छन् । अहिलेको आधुनिक यूगमा हरेक व्यक्तिको जिवनशैली अत्यन्त व्यस्तताका साथ व्यतित भइरहेको छ । जसकारण आफ्नो काम कर्तव्यका कारण घरायसी काममा ध्यान दिएको देखिन्न् । व्यक्तिगत जिवनमा अहिले सबै व्यक्ति आ–आफ्नो काम विशेषका कारण अत्यन्त एकहोरो भएका छन् । अभिभावकहरु बालबालिकाप्रति गैरजिम्मेवार रुपमा प्रस्तुत हुन थालेका छन् ।

बालबालिकाहरु के गरिरहेका छन् भन्ने विषयमा अभिभावकहरुले चासो नदिँदा ती बालबालिकाहरु कुलतमा फसेको कुराको सुइको पाइरहेका छैनन् । आधुनिक उपकरण र बढ्दो बिलासिताले युवा तथा बालबालिकाहरु एकहोरो बन्दै गएका छन् ।

बालबालिकाको प्रत्येक गतिविधीलाई अभिभावकहरुले गम्भिर भएर ध्यान दिन सकेनन् भने भविष्यमा यसको प्रतिफल नराम्रो हुने कुरामा दुई मत नहोला । तसर्थ यस्ता विषयलाई आत्मसाथ गर्दै अभिभावक सचेत रहनुका साथै बालबालिकाहरुप्रति जिम्मेवार बन्नु अहिलेको आवश्यकता रहेको छ ।

# नयाँ प्रविधिको प्रयोगबाट कारबाहीसँगै राजस्व संकलनमा वृद्धि

महोत्तरी, ४ साउन (रासस) ।

ट्राफिक प्रहरीले जाँचमा नयाँ प्रविधि प्रयोगमा ल्याएपछि कारबाही र राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएको छ ।

मधेश प्रदेशमा विगतमा जाँचमा प्रयोग गरिएको 'हैण्डहेड राडर गन'भन्दा पछि प्रयोगमा ल्याइएको 'सिसी टिभी बिथ राडर गन' प्रविधिले कारबाहीमा सहजता र राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराले जनाएको हो ।

यो कार्यालयले मधेश प्रदेशको ट्राफिक व्यवस्थापन र राजमार्ग सुरक्षाको जिम्मेवारी सम्हाल्दै आएको छ । "हामीले २०७८ फागुनदेखि 'सिसीटिभी विथ राडर गन' प्रयोगमा ल्यायौँ, यसले विगत आर्थिक वर्ष २०७७/७८ को तुलनामा कारबाही सङ्ख्यामा २२५ र राजस्व सङ्कलनमा २२३ प्रतिशत वृद्धि ल्यायो", कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले भन्नुभयो, "विगतको 'हैण्डहेल्ड राडर गन' भन्दा पछिल्लो प्रविधि प्रयोगमा सहज, वैज्ञानिक र उपलब्धिमूलक रहेछ ।"

प्रदेशका आठ जिल्लामध्ये हालसम्म महोत्तरीको गौरिडाँडा, सिरहाको लहान, सप्तरीको भारदह र बाराका निजगढ एवं पथलैयामा 'सिसीटिभी विथ राडर गन' जडान रहेका प्रनाउ भण्डारीले जानकारी दिनुभयो ।

गत आर्थिक वर्ष २०७८/७९ का पछिल्ला चार महिना (२०७८ चैतदेखि २०७९ असारसम्म) को लेखाजोखा गर्दा त कारबाहीमा ८०४ र राजस्व सङ्कलनमा ३०१ प्रतिशतको वृद्धि भएको कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा 'हैण्डहेल्ड राडर गन' प्रविधि प्रयोगमा रहेका बेला दुई लाख ५९ हजार १८८ सवारीसाधन जाँच कारबाही सङ्ख्या र रु १९ करोड १६ लाख ३७ हजार राजस्व सङ्कलन भएको थियो । पछिल्लो आर्थिक वर्ष (अब गत आव) २०७८/७९ मा भने कारबाही सङ्ख्या दुई लाख ६४ हजार ३१० र राजस्व सङ्कलन रु २२ करोड ४४ लाख ४० हजार ५०० भएको कार्यालय अभिलेखको तथ्याङ्क छ । पछिल्लो वृद्धिमा 'सिसीटिभी विथ राडर गन'प्रविधिको प्रयोग निकै सहयोगी भएको प्रनाउ भण्डारीको भनाइ छ ।

'सीसीटिभी विथ राडर गन'ले परैबाट आइरहेका तीव्र गतिका सवारी साधनबारे तत्काल सङ्केत दिने हुँदा त्यस्ता सवारीसाधन रोकेर आवश्यक सुझाव दिन र कारबाहीको दायरामा ल्याउन सहज भएको ट्राफिक प्रहरी बताउँछन् । गत आव २०७८/७९ मा कार्यालयले प्रदेशभरिका आठवटै जिल्लामा दुई हजार ८४९ सचेतना कार्यक्रम सञ्चालन गरेको र सो कार्यक्रमबाट तीन लाख ३९ हजार ९२८ जना सवारी चालक लाभान्वित भएका कार्यालयले जनाएको छ ।

सडकमा सबैभन्दा बढी मोटरसाइकल दुर्घटनाका घटना हुने गरेका छन् । त्यसैले सचेतना कार्यक्रममा मोटरसाइकल चालकलाई नै बढी सहभागी गराइने गरिएको प्रनाउ भण्डारीको भनाइ छ । गत आव २०७८/७९ मा प्रदेशभरिमा पाँच हजार ७११ सडक सवारी दुर्घटनाका घटना दर्ता भएका जनाइएको छ । त्यसमध्ये ५० प्रतिशतभन्दा माथि मोटरसाइकल दुर्घटना नै रहेका छन् । यद्यपि पछिल्ला दिनमा जाँचमा कडाइ र कारबाही पनि बढाइँदै लगिएपछि तीव्र गतिमा हाक्ने प्रवृतिमा केही सुधार हुँदै गएको कार्यालयले जनाएको छ ।

# न्यायालयको सुधारमा ध्यान दिन सांसदहरूको जोड

काठमाडौँ, ४ साउन (रासस) ।

सांसदहरूले सामान्य नागरिकले सहज रूपमा न्याय पाउन कठिन भएको र न्यायालयमा हुने गरेका भ्रष्टाचारका विषय बाहिरिने गरेकाले न्यायालयको समग्र सुधारमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको बुधबार बसेको बैठकमा बोल्दै सांसदहरूले न्यायालयको सुधारसँगै वर्षाका कारणले हुने डुबान, सडक दुर्घटना लगायतका विषयमा पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो । सांसद प्रकाश रसाइली स्नेहीले पहुँचयोग्य न्याय नभएको बताउनुभयो । समग्र न्यायालयको सुधारका लागि उच्चस्तरीय न्याय सुधार र निर्देशन आयोग गठन हुनुपर्नेमा उहाँको जोड छ ।

सांसद पार्वतीकुमारी विसुङ्खेले अदालतको पुनः संरचना नहुँदा जनताको पहुँच न्यायमा नपुगेको र जनमुखी न्याय नभएको बताउनुभयो । न्यायमूर्तिलाई महाअभियोग लगाउँदैमा न्यायालयमा सुधार नआउने उहाँको भनाइ छ ।

सांसद डा डिला सङ्ग्रौला पन्तले वर्षा सुरु भइसकेकाले अहिलेदेखि दसैँतिहारमा सडक दुर्घटना बढी हुने हुँदा यसको न्यूनीकरणमा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो । सांसद दिलकुमारीले बर्सेनि सर्पको टोकाइबाट धेरैको मृत्यु हुने भए पनि उपचारका लागि राम्रो व्यवस्था नभएको बताउनुभयो ।

सांसद टेकबहादुर बस्नेतले मदन भण्डारी लोकमार्गका लागि पर्याप्त बजेट विनियोजन हुनुपर्नेमा जोड दिनुभयो । सांसद दिव्यमणि राजभण्डारीले महङ्गी बढिरहँदा सचेत जनताले खर्च कटौती गर्न सार्वजनिक सवारीसाधन प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद दीपकप्रकाश भट्टले सुदूरपश्चिमको पहाडी जिल्लाबाट उपचारका लागि नेपालगञ्ज जानुपर्ने बाध्यता भएकाले राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठाको आवश्यकता रहेको बताउनुभयो । सांसद नबिना लामाले गङ्गालाल अस्पताल लगायतका अस्पतालमा अहिले उपकरण अभावले मुटुको शल्यक्रिया नभएकाले स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

सांसद देवप्रसाद तिमल्सिनाले तराईमा ४०/४५ डिग्रीको तापक्रम हुँदा दिनभर काम गरेर खानुपर्नेले बाहिर निस्कन नसकेकाले जनतालाई राहतको व्यवस्था गर्नुपर्ने बताउँनुभयो । सांसद नारायणप्रसाद खतिवडाले टोखा-छहरे सुरुङमार्ग बजेटबाट हराएको र धेरै राष्ट्रिय गौरवको आयोजनामा ढिलाइ भइरहेको औँल्याउनुभयो ।

सांसद पवित्रा निरौला खरेलले दुर्गम क्षेत्रमा स्वास्थ्य संस्थामा सुविधा नहुँदा नागरिक सहरी क्षेत्रमा जानुपर्ने तर सहरी क्षेत्रका अस्पतालमा सरकारीमा पहुँच र निजीमा ठूलो रकम चाहिएको बताउनुभयो । सांसद पार्वता डिसी चौधरीले दाङमा ३९ मिल उद्योग मिल खोलेका स्थानीयवासीले १९ वर्ष पनि मिल खाली गर्न भनेकाले सो समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो ।

सांसद पूर्णकुमारी सुवेदीले वर्षायाम सुरु भए पनि नेपालगञ्जमा जलमग्न भइरहेको र विगतमा पनि धेरै धनजनको क्षति भएकाले सरकारको ध्यानाकर्षण गराउनुभएको छ । सांसद प्रभु साहले काठमाडौँमा पानी परे पनि तराईमा किसानले खेती गर्न नसकेको बताउनुभयो । किसान आकासे खेतीमा बाँच्नु परेको र उनीहरूले सिँचाइ, बीउ, मल नपाएको उहाँले बताउनुभयो ।

सांसद डा विजय सुब्बाले तेह्रथुम र पाँचथर जोड्ने तमोरको पुल विसं २०६९ मा सुरु भएकामा अझै सम्पन्न नभएको र अहिले आएर निर्माण रोकिएको बताउनुभयो । पुल निर्माण पूरा गर्नुपर्ने र ढिलाइ गरेमा कारबाही हुनुपर्नेमा उहाँको जोड छ ।

# स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न एमालेको माग

काठमाडौँ, ४ साउन (रासस) ।

नेकपा (एमाले) ले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न सरकारसँग माग गरेको छ ।

एमाले स्वास्थ्य तथा जनसङ्ख्या विभागका प्रमुख योगेश भट्टराईले बुधबार विज्ञप्ति जारी गर्दै बीमा कार्यक्रममा सेवा प्रदायक संस्थाबाट हुनसक्ने गलत क्रियाकलापमाथि निगरानी र अनुगमन गर्दै पूर्ववत् व्यवस्थाअनुरुप नै स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न माग गर्नुभएको छ । विभागले देशका विभिन्न अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम बन्द गरिएको र आम नागरिकले सहज ढङ्गले उपयोग गर्न पाउनुपर्ने बीमाका बारेमा आएका विभिन्न समाचारप्रति ध्यानाकर्षणसमेत भएको जनाएको छ ।

" बजेटमा उल्लेख भएको बुँदा नं १५१ नंको व्यवस्थाले एकातिर बीमा प्रदायक संस्थाको सङ्ख्या घटाएर सहज पहुँचबाट टाढा राख्ने र अर्कोतिर सामाजिक स्वास्थ्य बीमामा निजी कम्पनीहरू प्रवेश गराई सरकार आफ्नो दायित्वबाट पन्छने स्पष्ट छ", विज्ञप्तिमा भनिएको छ, "हाम्रो पार्टीले सङ्घीय संसद्मा भएको छलफलमार्फत उपरोक्त नीति खारेज गर्न सरकारको गम्भीर ध्यानाकर्षण गर्दै आएको सूचितै छ ।"

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# खडेरीको चिन्ताले किसानलाई पिरालो

महोत्तरी, ४ साउन (रासस)।

गत असार १५ देखि पानी नपरेपछि जिल्लाका किसान खडेरीको चिन्ताले पिरोलिएका छन्। धान रोपाइँ गर्न र रोपिएको रोपो हरियो हुँदै गाँजिन दिनदिनै पानी पर्नु बेला लगातार टण्टलापुर घाम लागेपछि उनीहरू चिन्तित भएका हुन्। मुख्यबाली मानिएको धान रोप्ने र हुर्कने बेला पानी नपरेपछि किसानको यो चिन्ता बढेको हो।

“झमझम पानीमा रुझ्दै खेतमा धान रोप्नुपर्ने बेला तालु फुट्लाजस्तो टण्टलापुर घामले सेक्दैछ”जिल्लाको भ-भङ्गाहा-५ सिद्धपुरका ६५ वर्षीय किसान सत्यनारायण मण्डल भन्नुहुन्छ, “यो रौदी (अनिकाल) को लक्षण हो।” मध्ययताको आधा असार र साउनकै पनि दुई/तीन बित्दासमेत पानी पर्ने लक्षण नदेख्दा अब धान फलाउने आश मर्दै गएको मण्डल विरक्तिँदै बताउनुहुन्छ।

सहकाल हुन साउनमा पश्चिम दिशाको हावा चल्नुपर्ने र त्यसले पानी पार्ने पाका किसान बताउँछन्। तर असार निगल्दो र साउन लागिकन पनि पूर्व्याहा (पूर्व दिशाबाट बहने हावा) रोगी तातो हावा चल्न नछाडेपछि चाँडै पानी पर्ने छाँट नदेखिएको मण्डलकै छिमेकी परेखन सादाको भनाइ छ। अहिलेको प्रचण्ड घाम र कहिलेकाँही बहने पूर्व्याहा हावा त रोगव्याध बढाउने लक्षण पो भएको ७० वर्षीय सादा बताउनुहुन्छ।

मधेशमा खेतीपाती र मौसमका कुरामा बूढापाका ‘डाकवचन’ सम्झने गर्छन्। प्राचीन मिथिला क्षेत्रमा यी विषयमा भविष्यवाणि गर्ने ‘डाक’ भनेर चिनिने सन्तले लगभग २०० वर्ष (डाकको काल अनुमानमा भनिएको) पहिले भनेका उक्ति कतिपय बूढापाकालाई कण्ठस्तै छ। ‘सावन मासे बहे पूर्वैया, बेचो बैल किनो गैया’ (साउनमा पूर्व दिशाबाट हावा चले खेती गर्न पालेको गोरु बेचेर गाई किन) भन्ने ‘डाकवचन’ सम्झँदै भङ्गाहा-४ रामनगरका ८५ वर्षीय रामनन्दन महतो भन्नुहुन्छ, “ल, हेर्नोस् बाबु, अहिले यही लक्षण छ।” साउनमा पूर्वैया हावा चल्दा पानी नपर्ने हुँदा ‘डाक’ले गोरु बेचेर दूध दिने गाई किन्न सल्लाह दिएका ‘डाकवचन’ को भाव स्पष्ट पार्दै महतो बताउनुहुन्छ।

लगातार लामो समयदेखि पानी नपर्दा यसअघिको धानको रोपो खड्रङ् सुक्दै गएको र पानीबेगर थप रोपाइँ गर्न नसकिएको यहाँको अवस्था छ। अब त ब्याडको धानको बेर्ना पनि पहेँलिँदै गएर सुक्न थालेको किसान बताउँछन्। जिल्लामा कूल खेतीयोग्य जग्गा ७० हजार हेक्टरमध्ये लगभग ५० हजार हेक्टर धानखेतीका लागि योग्य मानिन्छ। तर स्थायी सिञ्चाइको प्रबन्ध नहुँदा अधिकांश जग्गाको खेती आकाशे पानीकै भरमा गर्नुपर्ने हुँदा यहाँका किसान ‘डाकवचन’ सम्झँदै पिरोलिन्छन्। जिल्लामा अहिले १६ वटा सिञ्चाइ आयोजनाबाट छ हजार ९९५ हेक्टरमा बाह्रैमास सिञ्चाइ उपलब्ध रहेको कृषि ज्ञान केन्द्र महोत्तरी जलेश्वर कार्यालयले जनाएको छ।

यसैगरी हाल निर्माणाधीन अवस्थामा रहेका नौ सिँञ्चाइ आयोजनाले थप पाँच हजार २३० हेक्टर जग्गामा छिट्टै सिँञ्चाइ सुविधा पुग्ने कार्यालय प्रमुख तथा वरिष्ठ कृषि विकास अधिकृत डा रामचन्द्र यादव बताउनुहुन्छ। यद्यपि यी निर्माणाधीन सिँञ्चाइ आयोजना कहिले सम्पन्न हुनेहुन् यकिन नभएको किसान बताउँछन्।

“नहर कुलो भएका ठाउँमा पनि लामो खडेरीले पानीका मुहान सुक्दैछन्, अहिलेकै मौसम केही दिन रहे अब नहर/कुलोमा कमिलाका ताँती हिँडेका देखिनेछ” सिञ्चितक्षेत्र मानिने बर्दिबास-३ कालापानीका ७० वर्षीय किसान नरबहादुर पुलामी भन्नुहुन्छ, “आकाशे भरका जग्गाको खेती त भोग्नेले भोग्दै आएकैछन्।

जिल्लामा साउन पहिलो साता चलिरहँदा अहिलेसम्म ४५ प्रतिशत रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र महोत्तरीको तथ्याङ्क छ। यद्यपि पानी नपर्दा विभिन्न वैकल्पिक उपाय गरेर रोपिएको धान अहिलेको चर्को घामले रोपोमै सुक्दै गएको किसानले बताएका छन्। जिल्लामा पानी नपर्दा किसानले इनार र बोरिङमा पम्पसेट लगाएर वैकल्पिक सिँञ्चाइ गर्ने गर्छन्। तर यो इन्धनको मूल्य आकासिदा महँगो पर्ने भएपछि सधैँ अपनाउन गारो पर्ने किसानको भनाइ छ। अनि इनार र बोरिङमा खडेरीसँगै पानीको सतह गहिरिँदै जाँदा पम्पसेट चलाउन पनि नसकिने किसान बताउँछन्।

यसपालि असार लागेयता १५ असारसम्म बेलाबेलामा पानी पर्दै आए पनि त्यसअघि ब्याड राख्न नै ढिलो भएको हुँदा तयार बीउ (बेर्ना) पर्याप्त नहुँदा रोपाइँ जम्न सकेको थिएन। असार १५ सम्मको पानीले पाँच/सात दिन खेती चलेपनि त्यसपछि लगातारको खडेरीले खेत सुक्दै गएर रोपाइँ रोकिएको छ। अब त लामो खडेरीले धान रोपाइँ थप्ने भन्दा पनि रोपिएको धान कसरी बचाउने भन्ने चिन्ता बढेको भङ्गाहा-४ थारुटोल बनराका किसान रामधारी सिंह थारु बताउनुहुन्छ।

किसान करिब २० दिनको खडेरीले पिरोलिए पनि कृषि विज्ञ भने अझै आत्ति हाल्ने बेला नभएको बताउँछन्। खेतीमा यदाकदा ढिलोचाँडो हुनेहुँदा साउन पहिलो सातामै अब खेती बढेन भन्ने चिन्ता नलिन किसानलाई विज्ञले ढाडस दिएका छन्। साउनभरि रोपाइँ चल्ने हुँदा अब पर्ने पानीमा पनि खेती गर्न (रोपाइँ) सकिने कृषि विज्ञ वरिष्ठ कृषि विकास अधिकृत डा यादवको भनाइ छ। मधेशमा धानको मूल बीउ (बेर्ना) र खरुवन गरी दुई विधिबाट धान रोपाइँ हुँदै आएको छ। अब पानी पर्दा बीउको कमी भएमा खरुवनको रोप गर्नसकिने विकल्प रहेको कृषिविज्ञ बताउँछन्। बीउको शाही रोप सकिएपछि थप रोपाइँ गर्नुपर्दा पहिलो रोपो गाँजिएपछि त्यसलाई उखेलेर फेरि रोप्ने चलन छ। यसलाई खरुवन भनिन्छ। जिल्लामा अहिले बीउ सकिए पनि अब पर्ने पानीले यसअघि रोपिएको धान गाँजिएपछि खरुवन लगाएर सबै खेतीयोग्य जग्गामा रोपाइँ गर्न पुग्ने बीउ हुने डा. यादव बताउनुहुन्छ।

जिल्लामा सरदर प्रतिहेक्टर तीन दशमलव पाँच मेट्रिक टन धान उत्पादन हुने गरेको सरदर आँकडा विज्ञ सुनाउँछन्। यहाँका रैथाने जातिका धानमा बासमति, जसवा, सञ्जिरा र वानपाकीजस्ता मुख्य मानिन्छन्। त्यसैगरी विकसित जातका भनिने सावित्री, हर्दिनाथ-१ र २, स्वर्णा सब- १, साँवा सब- १, सुख्खा- १,२ र ३, एवं भारतीय जातका सोना मन्सुली र कतरनी बढी लगाइने गरिएको वरिष्ठ कृषि विकास अधिकृत डा यादवको भनाइ छ।

जिल्लाका आम सर्वसाधारण किसानले भने कृषिसम्बद्ध कार्यालयका सेवा पाउन छाडेको दशक नाघिसकेको गुनासो गरेका छन्। बेलामा बीउ किन्न नपाइएको मात्र नभइ सामान्य खेतीपातीका लागि कृषि प्राविधिकको सरसुझाव पनि पाउन छाडिएको किसान बताउँछन्। किसानलाई कृषि सेवा बढाउन जिल्लाका १५ वटै स्थानीयतहमा वैकल्पिक सिँञ्चाइको प्रबन्धलाई महत्व दिएर व्यवस्थित गरेमात्र आफूहरूले केही लाभ पाउनसक्ने जलेश्वर नगरपालिका-५ चौरियाका ७५ वर्षीय किसान रहिमन मण्डलको भनाइ छ। जिल्लामा कुनै स्थानीयतहले कृषि शाखा व्यवस्थित गर्नतर्फ रुचि नदेखाउनुले यसप्रतिको उपेक्षा अड्कल गर्नसकिने किसानको गुनासो छ।

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज

मिति :- २०७९/१/७

### ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना

**ढोढाई हजाम** दर्ता रहेको साविक **मौवहा** मौजा रै.नं. **बलान बिहुल** हाल तपसिल बमोजिम नापी भएको जग्गा **मोठ श्रेस्ता** गरी प्रमाण पूर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **मौवहा-बलान बिहुल** वार्ड नं. **५** बस्ने **श्री असर्फि ठाकुर हजाम** को द.न. **१८९१०** मिति **२०७८/११/२९** मा निवेदन परी **३५** दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति ..... मा आदेश भए अनुरुप यो **३५** दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **नामसारी** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| मौवहा | ७ | २४८ | ०-१-८ | ढोढाई हजाम | |

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# विश्व समाचार

## श्रीलङ्काको राष्ट्रपतिमा रनिल विक्रमसिङ्घे निर्वाचित

कोलम्बो, ४ साउन (रासस/एपी)।

देशको नयाँ राष्ट्रपतिमा कार्यवाहक राष्ट्रपति रनिल विक्रमसिङ्घे निर्वाचित भएका छन्। संसदमा बुधबार भएको राष्ट्रपतीय निर्वाचनमा एकसय ३४ मतका साथ उनी विजयी भएका हुन्।

सभामुख महिन्दा यापा अबेवर्देनाले सदनलाई निर्वाचन परिणाम सुनाउँदै विक्रमसिङ्घेका मुख्य प्रतिद्वन्द्वी एसएलपिपीका सांसद दुल्लस अलाहापेरुमाले ८२ मत र नेसनल पिपल्स पावर (एनपिपी)की नेत्री अनुरा कुमारा दिसानायकेले तीन भोट पाएका बताए।

श्रीलङ्काको प्रधानमन्त्रीका रूपमा छ पटक सेवा गरेका नवनिर्वाचित राष्ट्रपति विक्रमसिङ्घेले अति कठिन परिस्थितिमा रहेको देशलाई गम्भीर आर्थिक सङ्कटबाट बाहिर निकाल्न आफूले धेरै चुनौतीको सामना गर्नुपर्ने बताएका छन्।

## प्रचण्ड गर्मीका कारण बेलायतमा रेलसेवा अवरूद्ध

लण्डन, ४ साउन (रासस/एपी)।

तातो हावाका कारण देशभर प्रचण्ड गर्मी बढेपछि बुधबार तेस्रो दिन पनि रेलसेवा अवरुद्ध भएको छ।

सम्भावित दुर्घटनालाई दृष्टिगत गरी उच्च सतर्कताका साथ कार्यक्षेत्रमा खटिन तत्पर रहेका अग्नि नियन्त्रकहरूमात्र होइन सर्वसाधारणले पनि राहत अनुभूत गरे जब आकाशमा बादल लाग्यो र केही बेरको वर्षाले शीतल गरायो।

जङ्गलमा आगालागीका सम्भावित घटनालाई दृष्टिगत गरी तैनाथ रहेका अग्नि नियन्त्रकले राहत महसुस गरे पनि लण्डन-एडिनबरा रेलमार्गका सूचना सङ्केतलगायत संरचना गर्मीका कारण बिग्रँदा रेलका कर्मचारी भने तिनको मर्मतसम्भारमा व्यस्त रहनुपरेको छ।

मङ्गबार भने उनीहरू दोस्रो विश्वयुद्धपछि पहिलोपटक अति व्यस्त भएका थिए विभिन्न ठाउँमा लागेको आगो निभाउन। आगोले लण्डनका ४१ वटा सम्पदा ध्वस्त पारेका मेयर सादिक खानले बताएका छन्। वायुमण्डलमा धुँवाको बादल फाटेको छैन।

बेलायतमा मात्र नभइ युरोपेली देश फ्रान्स, पोर्चगल, स्पेन र ग्रीसमा पनि प्रचण्ड गर्मी भइरहेको छ। बेलायतसहित ती देशको मङ्गलबारको तापक्रम ४३ डिग्री सेल्सियसभन्दा माथि थियो।

## कोरियामा कोरोना संक्रमण बढ्यो

सोल, ४ साउन (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा बितेका २४ घण्टा अघिको तुलनामा मङ्गलबार मध्यरातसम्म ७६ हजार चारसय दुईजनामा कोभिड-१९ बाट सङ्क्रमित भएका छन्।

यो सँगै देशमा कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड ८९ लाख ३७ हजार नौसय ७१ पुगेको स्वास्थ्य अधिकारीले जानकारी दिएका छन्।

कोरिया डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन एजेन्सीका अनुसार अघिल्लो दिन ७३ हजार पाँचसय ८२ सङ्क्रमित फेला परेका थिए। गम्भीर अवस्थाका रहेका सङ्क्रमितको सङ्ख्या ९६ पुगेको छ।

सङ्क्रमणबाट मङ्गलबार १२ जनाको मृत्यु भएको छ भने हालसम्म चौबीस हजार सातसय ७७ ले यो महारोगबाट ज्यान गुमाइसकेका छन्।

## रूसद्वारा युक्रेनी सैनिकका शव फिर्ता

किएभ, ४ साउन (रासस/सिन्ह्वा)।

युद्धका क्रममा मारिएका ४५ जना युक्रेनी सैनिकको शव रूसले फिर्ता गरेको छ। आफ्ना सैनिकको शव फिर्ती रूससँगको आदानप्रदानको एक हिस्सा भएको युक्रेनी पुनःएकीकरण मन्त्रालयले जनाएको छ।

रूस-युक्रेन द्वन्द्वमा मारिएका सैनिकको शव आदानप्रदानका लागि युक्रेनका बेपत्ता व्यक्तिका आयुक्त ओलेग काटेन्को र देशको कानुन कार्यान्वयन निकायको संयुक्त प्रयासमा आफ्ना सैनिकको शव फिर्ता ल्याइएको उक्त मन्त्रालयले जनाएको छ।

गत साता कोटेन्कोले रूससँगको चारमहिनाभन्दा लामो द्वन्द्वमा करिब सात हजार युक्रेनी सैनिक बेपत्ता भएका बताएका थिए।

# कर्मचारीहरुलाई निष्काशन नगर्न निजामती कर्मचारी संगठनको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

नेपाल निजामती कर्मचारी संगठन सप्तरीले विभिन्न स्थानिय निकायहरुले अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई साउन १ गतेदेखी कामकाजमा नआउनु भनि पत्र, फोन, म्यासेज लगायतका माध्यमबाट जानकारी गराउने, हाजिरी खाता बन्द गर्ने लगायतका कामहरुप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

संगठनका अध्यक्ष शैलेश कुमार मिश्रद्वारा जारि विज्ञप्तिमा सरकारबाट निजामति सेवामा कार्यालय सहयोगि, सवारी चालकका पदहरु स्थायी पदपूर्ती नगर्ने भनी आ.ब. २०५६/०५७ को बजेट वक्तव्य मार्फत घोषणा गरे पश्चात् स्थायी पदपूर्ती नभई करारमा लिने कार्यको थालनी भएको स्मरण गराइएको छ ।

विज्ञप्तिमा सेवा करारमा रहेका कर्मचारीहरुको सेवा अवधी २० वर्ष भन्दा अधिक भइसकेको भन्दै अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई बिना कारण सेवाबाट हटाउने कार्यले सार्वजनिक प्रशासनमा पजनी प्रथाको आभाष भएको ठहर गरिएको छ । यस प्रकारका पूर्वाग्राही कामहरु तत्काल बन्द गर्न सम्बन्धीत संघ, प्रदेश र स्थानिय सरकारहरुको संगठनले ध्यानाकर्षण गराएको छ ।

साथै विज्ञप्तिमा कर्मचारीहरुको सेवा, सुरक्षामा ध्यान दिनु, संघ, प्रदेश र स्थानिय तहमा लामो समयदेखी कामकाज गर्दै आएका कर्मचारीहरुलाई निष्काशन नगर्न र काममा फर्कने वातावरण सृजना गर्न सम्बन्धीत पक्षसँग जोडदार माग गर्दै पेशाकर्मीको आवाजलाई कमजोर ठानी यस्ता कार्यहरु नरोकिए संगठन मुकदर्शक भएर नबस्ने चेतावनी समेत दिइएको छ ।

# ज्येष्ठ नागरिकको हितका लागि बन्यो कानुन

काठमाडौं, ४ साउन (रासस) ।

प्रतिनिधिसभाको बुधबारको बैठकले 'ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५' लाई सर्वसम्मतिले पारित गरेको छ । राष्ट्रियसभामा उत्पत्ति भएको सो विधेयक लामो समयपछि बुधबार प्रतिनिधिसभाले पारित गरेको हो । महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले सो विधेयक प्रस्तुत गर्नुभएको थियो ।

त्यसअघि महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री रेग्मीले ज्येष्ठ नागरिकको अवस्था जटिल हुँदै गएकाले उनीहरूलाई राज्यका तर्फबाट संस्थागत रूपमा सहयोग उपलब्ध गराउने प्रयास गरिएको बताउनुभएको छ ।

नेपाली समाजमा प्रचलित 'मातृ देवो: भव, पितृ देवो: भवको अवस्था' मा क्रमशः खण्डित हुँदै गएको उल्लेख गर्दै उहाँले घरमै बस्ने वातावरण बनाउनका लागि सरकारले प्रयस गरेको बताउनुभयो । स्थानीय तहको सरकारलाई जिम्मेवार बनाउनका लागि ज्येष्ठ नागरिक ( पहिलो संशोधन) विधेयक, २०७५ लाई द्रुतगतिमा पारित गरेर कार्यान्वयन गर्न खोजिएको मन्त्री रेग्मीको भनाइ छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूका जिज्ञासाको जवाफ दिँदै उहाँले ज्येष्ठ नागरिकको ज्ञान र सीपलाई मुलुकको विकास र समृद्धिका लागि प्रयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

ज्येष्ठ नागरिकका बारेमा अन्य देशमा राज्यले नै जिम्मेवारी लिएको तथ्य पेस गर्दै उहाँले सकारात्मक सोच राख्ने छोराछोरी पनि साथमा नहुन सक्ने अवस्था रहेकाले पनि समस्या बढेर गएको उल्लेख गर्नुभयो ।

ढल्कँदो उमेरमा ज्येष्ठ नागरिकलाई चाहिने स्याहारसुसार प्राप्त हुन नसकेको तथा सँगै रहेका सन्तानले पनि अपहेलना गरेको पाइएकाले सरकारले 'केयर गिभर'को तालिम दिएर जनशक्तिको प्रबन्ध गर्ने व्यवस्था चालु आवको बजेटमा गरेको मन्त्री रेग्मीको भनाइ छ ।

# अठार करोडको रासायनिक मल बिक्री

जनकपुरधाम, ४ साउन (रासस) ।

सिरहाको लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडले आर्थिक वर्ष २०७८/७९ मा रु १८ करोड ३२ लाख मूल्य बराबरको रासायनिक मल बिक्री गरेको छ । सो अवधिमा रु १० करोड ५१ लाखको डिएपी र रु सात करोड ८१ लाखको युरिया बिक्री गरेको छ ।

आव २०७८/७९ मा ६ हजार ५०० मेट्रिक टन युरिया र पाँच हजार मेट्रिक टन डिएपी मल बिक्री गर्ने लक्ष्य रहेकामा चार हजार ९५४ मेट्रिक टन युरिया र दुई हजार ३५५ मेट्रिक टन डिएपी मात्र आपूर्ति भएको कार्यालय प्रमुख दीपराज पौडेलले जानकारी दिनुभयो । गत आवमा युरिया चार हजार ९५४ मेट्रिक टन र डिएपी दुई हजार ३४८ मेट्रिक टन बिक्री भएको प्रमुख पौडेलले बताउनुभयो ।

यसअघि आव २०७७/७८ मा कृषि सामग्री कम्पनी लहानले रु १९ करोड ६५ लाख ६३ हजारको रासायनिक मल बिक्री गरेको थियो । अघिल्लो आवको भन्दा आव २०७८/७९ मा लक्ष्यभन्दा कम मल आपूर्ति भएको थियो । यसरी बर्सेनि रासायनिक मलको माग बढ्दै गए पनि आपूर्ति घट्दै गएकाले समस्या भइरहेको प्रमुख पौडेलको भनाइ छ ।

प्रमुख पौडेलका अनुसार सिरहामा साउनमा मात्र ३० हजार बोरा युरिया मल आवश्यक भएकामा हाल एक बोरा पनि युरिया मौज्दात छैन । डिएपी मल ६ मेट्रिक टन मात्र मौज्दात छ । मल नहुँदा दैनिक किसान रित्तो हात फर्किन बाध्य रहेको प्रमुख पौडेलले बताउनुभयो । कृषि सामग्री कम्पनी केन्द्रीय कार्यालयबाट मल आउने आश्वासन पाएको र आए लगत्तै कोटा निर्धारण गरी स्थानीय तहमा रहेका सहकारी संस्थाका डिलरमार्फत किसानलाई मल वितरण गरिने कार्यालयले जनाएको छ । बाली सघनता र खेतीयोग्य क्षेत्रफलका आधारमा स्थानीय तहलाई मलखाद्यको कोटा निर्धारण गरी स्थानीय तहको सिफारिसका आधारमा सहकारी संस्थाका डिलरलाई मलखाद्य वितरण गर्दै आएको प्रमुख पौडल बताउनुहुन्छ ।

सिरहामा कृषि सामग्री कम्पनी लहान र साल्टट्रेडिङले गाउँ-गाउँमा सहकारीमार्फत र सहकारी नभएको गाउँमा स्थानीय तहको सिफारिसमा मलखाद्य बिक्रीवितरण गर्दै आएको छ । धान रोपाइँ गर्ने बेला भएकाले युरिया र डिएपी मलको माग बढे पनि अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धि, ढुवानी आपूर्तिको समस्या, मलको अनियन्त्रित प्रयोग र भारतीय सीमानाकामा भएको कडाइलगायतका कारण सिरहामा युरिया र डिएपी मलको आभाव हुने गरेको प्रमुख पौडलले बताउनुभयो ।

डिएपी र युरिया मलको माग बढेकाले आपूर्तिका लागि केन्द्रमा पटक-पटक पत्राचार गरे पनि बर्सेनि घट्दै गएकाले समस्यामा परेको प्रमुख पौडेलको भनाइ छ । यसरी डिएपी र युरिया मलको आपूर्ति कम भएपछि किसानलाई मलको समस्या भइरहेको नेपाल कृषक महासङ्घ मधेस प्रदेशका अध्यक्ष मुक्ति यादवले बताउनुभयो । मागअनुसार मलको आपूर्ति नहुँदा बर्सेनि किसान मलका लागि भौँतारिने गेका छन् ।

कुल ६० हजार ७५७ हेक्टर खेतीयोग्य जग्गामध्ये सिरहामा यस वर्ष करिब ५५ प्रतिशत जग्गामा धान रोपाइँ भएको कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र महासेठले बताउनुभयो । यस वर्ष समयमा वर्षा नभएकाले एकातिर धान रोपाइँ कम भएको र अर्कातिर सहजरूपमा मल उपलब्ध नहुँदा किसान मारमा परेको उहाँको भनाइ छ ।

# चितवनमा ३७ गैंडा मरे

चितवन, ४ साउन (रासस) ।

चितवन राष्ट्रिय निकुञ्जमा गत आर्थिक वर्षमा ३७ गैंडा मरेका छन् । ती मध्ये दुई चोरीसिकारी र बाँकी प्राकृतिक कारणले मरेका हुन ।

उमेर पुगेर, बिरामी भएर, बाघको आक्रमणबाट, दलदलमा भासिएर, जुधेर तथा बाढीले बगाएर जस्ता कारणले गैंडा मरेका हुन् । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले चोरीसिकारीबाट मरेका दुईमध्ये एउटाको खाग खुर सुरक्षित रहेको जानकारी दिनुभयो । स्थानीयवासीले दुःख पाएपछि करेन्ट लगाएर सो गैंडा मारेको आशङ्का रहेको छ । अर्को एक भने चोरीसिकारीले मरेको पुष्टि भएको छ ।

मरेका गैंडामध्ये १८ भाले, १४ पोथी र पहिचान नभएका पाँच रहेको उहाँले बताउनुभयो । मरेका गैंडामा एक महिनादेखि ३५ वर्ष उमेर सम्मका रहेको निकुञ्जको तथ्याङ्कले देखाएको छ । राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा यी गैंडा मरेका हुन् । बासस्थान साँघुरो र घाँसे मैदानको कमीका कारण आहाराको कमीले पनि एकै ठाउँमा धेरै गैंडा हुँदा एकापसमा जुध्ने गरेको बताइन्छ । नौ सय ३२ वर्गमिटरमा फैलिएको चितवन राष्ट्रिय निकुञ्जभित्र १० हजार ४९७ हेक्टर क्षेत्रफल घाँसे मैदान छ। सो क्षेत्रभित्र ४२५ ठाउँमा घाँसे मैदानको व्यवस्थापन गरिएको छ । पछिल्लो समय यी घाँसे मैदान नासिँदै गएका छन् ।

निकुञ्ज स्थापनाताका २० प्रतिशतसम्म रहेको घाँसे मैदान अहिले घटेर १० प्रतिशतभन्दा तल झरेको छ। सन् २०२१ को गैंडा गणनाअनुसार नेपालमा ७५२ गैंडा रेकर्ड भएका छन्। यीमध्ये ६९४ चितवनमा रहेका छन्। यो सङ्ख्या अघिल्लो गणना सन् २०१५ को तुलनामा ८९ भन्दा बढी हो। सन् २०१५ मा ६०५ र सन् २०११ मा ५०३ गैंडा भेटिएका थिए। प्राकृतिक कारणले गैंडा धेरै मरेपछि राष्ट्रिय निकुञ्ज तथा संरक्षण विभागले टोली खटाएर अध्ययनसमेत गरेको थियो ।

# कांग्रेस संसदीय दलको प्रमुख सचेतकमा चित्रलेखा

काठमाडौं, ४ साउन (रासस) ।

नेपाली कांग्रेस संसदीय दलका नेता एवं प्रधानमन्त्री शेरबहादुर देउवाले प्रमुख सचेतक पदमा सांसद चित्रलेखा यादवलाई नियुक्त गर्नुभएको छ । उहाँ पूर्वउपसभामुखसमेत हुनुहुन्छ ।

यसैगरी सचेतकमा पूर्वमन्त्री मीनबहादुर विश्वकर्मालाई नियुक्त गर्नुभएको छ । नवनियुक्त प्रमुख सचेतक यादवले राससलाई जानकारी दिनुभयो । कांग्रेस संसदीय दलको प्रमुख सचेतक एक वर्षदेखि रिक्त थियो । यसअघि प्रमुख सचेतक रहनुभएका बालकृष्ण खाण गृहमन्त्री हुनुभएपछि सो पद रिक्त भएको हो ।

यसैगरी यसअघि सचेतक रहनुभएकी पुष्पा भुसाल उपसभामुख निर्वाचित हुनुभएपछि गत साता सो पद पनि रिक्त भएको थियो । दुवै पदमा बुधबार कांग्रेस सभापतिसमेत रहनुभएका संसदीय दलका नेता देउवाले सो नियुक्ति गर्नुभएको हो ।

संसदमा पार्टीको धारणा राख्न, कार्य व्यवस्था परामर्श समितिको बैठकमा भाग लिनेलगायत महत्वपूर्ण संसदीय गतिविधिमा प्रमुख सचेतक र सचेतकको भूमिका रहने व्यवस्था छ ।


कोभिड-१९ को जोखिम पुनः देखा परेको छ ।

यसबाट बच्न र बचाउन:

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं ।
- समय-समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक मुख छोप्ने गरौं ।
- आफु बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भीडभाड नगरौं ।
- हावा ओहरदोहर नगर्ने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं ।

समयमा नै सतर्क र सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*